# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल

(......कर्मचारी प्रशासन......... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- २०८२/८३

चलानी नं. :- 2093

मिति :- २०८३।०२।१३

नेसं. ११४६ अनलाथ्व: ११

**विषय: पुनरावेदन सम्बन्धी कारवाही समयमै सम्पन्न गर्ने सम्बन्धमा परिपत्र।**

उच्च सरकारी वकील कार्यालय(सबै)।

विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ।

जिल्ला सरकारी वकील कार्यालय(सबै)।

उपर्युक्त सम्बन्धमा पुनरावेदन गर्ने म्याद सम्बन्धी विषयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यस कार्यालयबाट मिति २०८०।०२।०२ मा च.नं. १६७३ को पत्र मार्फत निर्देशन नं. २६ जारी भएको तथा मिति २०८०।०६।०४ मा च.नं. ५१४ को पत्र मार्फत पुनरावेदन सम्बन्धी काम–कारवाही समयमै सम्पन्न गर्ने सम्बन्धमा परिपत्र गरिएको व्यहोरा विदित नै छ। तथापि, कतिपय सरकारी वकिल कार्यालयहरूबाट हालसम्म पनि पुनरावेदन सम्बन्धी कारवाहीका लागि यस कार्यालयमा प्राप्त हुने केही मिसिलहरू पुनरावेदनको म्याद व्यतित भइसकेपछि मात्र प्राप्त हुने गरेको हुँदा यसमा ध्यानाकर्षण भएको छ। तसर्थ, पुनरावेदन सम्बन्धी कारबाही सम्बन्धमा निम्नानुसार गर्न गराउन निर्देशानुसार अनुरोध छ।

**निम्न:**

१. अदालतबाट भएका फैसला तथा आदेशहरूको जानकारी सम्बन्धित सरकारी वकिल कार्यालयले नियमित रूपमा समयमा नै बुझी अभिलेखीकरण तथा आवश्यक अध्ययन गरी कारवाही गर्ने व्यवस्था सुनिश्चित गर्ने।

२. पुनरावेदन सम्बन्धी कारबाही गर्नुपर्ने देखिएका मुद्दाहरूमा आवश्यक निर्णय तथा कागजातहरू समयमै तयार गरी म्याद व्यतित हुन नदिई माथिल्लो सरकारी वकीलको कार्यालयमा पठाउने।

३. पुनरावेदन सम्बन्धी कारवाहीमा ढिलाई हुन नदिन सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम २२ र २३ को व्यवस्था र तोकिएको समयावधिलाई अनिवार्य रुपमा पालना गर्ने गराउने। कार्यालय प्रमुखले यसमा अनुगमन गर्ने।

४. पुनरावेदनको म्याद समाप्त भएका मुद्दाहरूको हकमा सोको कारण र जिम्मेवार पक्ष स्पष्ट खुलाई सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराई नियमानुसार विवरण पठाउने।

५. पुनरावेदन सम्बन्धी कार्यमा लापरवाही, ढिलासुस्ती वा समन्वयको अभाव दोहोरिन नदिन सम्बन्धित कार्यालय प्रमुखले नियमित अनुगमन, सहजीकरण तथा जिम्मेवारी निर्धारणको कार्य प्रभावकारी रूपमा गर्ने/गराउने।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(कर्मचारी प्रशासन शाखा)
रामशाहपथ, काठमाडौं

पत्र संख्या :- २०८२/८३
चलानी नं. :- 2053
मिति :-

६. पुनरावेदनको म्याद सम्बन्धी विषयलाई संवेदनशील जिम्मेवारीको रूपमा लिई सम्बन्धित सरकारी वकिल तथा कर्मचारीहरूको जवाफदेहिता समेत सुनिश्चित गर्ने।

७. पुनरावेदनको म्याद फैसला प्रमाणिकरण भएको मितिले एक बर्ष हुने र एक बर्षभित्र फैसला प्राप्त भएकोमा ७० दिन र ३० दिन थप गर्न सकिने व्यवस्था रहेको हुँदा सो म्याद भित्र पुनरावेदन कारवाही गर्ने। प्रत्येक कार्यालयले फैसला भएको जानकारी र प्रमाणिकरण भएको मितिको जानकारी समयमा नै लिने र फैसला प्राप्ति सोही समयभित्र गरी आवश्यक कारवाही गर्ने गराउने।

2082/2/13

(प्रकाश गौतम)
उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np